बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

# स्थिर पुंजी बाहेक बिस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमुलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा पचास प्रतिशत सहुलियत कार्यविधि, २०८२

**प्रस्तावना:** बागमती प्रदेशभित्र रहेका लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुको उत्पादन लागत घटाएर उद्यमीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन, व्यवसाय विस्तार र नयाँ रोजगार सिर्जना गर्न, साना उद्यमीहरूलाई प्रोत्साहित गर्दै नयाँ लगानी आकर्षित गर्न तथा उद्यमीलाई उर्जाको बोझबाट राहत दिएर समग्र आर्थिक विकासमा योगदान पुर्‍याई देशको औद्योगिक आधार मजबुत बनाउने उद्देश्यका साथ विनियोजन भएको बजेट तथा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले यो कार्यविधि निर्माण गरेको हो ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"स्थिर पुंजी बाहेक बिस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमुलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा ५० प्रतिशत सहुलियत कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यक्रम"** भन्नाले स्थिर पुंजी बाहेक बिस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमुलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा ५० प्रतिशत सहुलियत सम्बन्धी स्वीकृत बजेट र कार्यक्रम सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले बागमती प्रदेश भित्र रहेका उद्योग तथा वाणिज्य कार्यालय सम्झनु पर्छ।

(ग) **"निर्देशनालय"** भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्नेछ।

(घ) **"आवेदक"** भन्नाले यस कार्यविधि अनुसार कार्यक्रममा सहभागी हुनका लागि आवेदन पेश गर्न योग्य लघु उद्यमी, हस्तकला एवं उत्पादनमुलक उद्योगीहरुलाई सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ।

(च) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(छ) **"लघु उद्यमी"** भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १५को उपदफा (१)(क) बमोजिमका उद्यम गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

मानानीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

(ञ) **"विषय विज्ञ"** भन्नाले लघु उद्यम, हस्तकला एवं उत्पादनमुलक उद्योग सम्बन्धी ज्ञान र अनुभव भएको सरकारी वा गैरसरकारी सरोकारवाला व्यक्ति सम्झनुपर्दछ।

(ट) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनुपर्छ।

३. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिमको हुनेछः-

(क) सहुलियत वितरण नीतिलाई व्यवस्थित बनाउनु,

(ख) उद्योगहरुको उत्पादन लागत घटाएर प्रतिस्पर्धात्मकता बढाउनु,

(ग) उद्यमशिलता प्रवर्द्धन मार्फत स्वरोजगार बढाउनु,

(घ) लघु उद्यमी, हस्तकला एवं उत्पादनमुलक उद्योगलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्नु,

(ङ) सहुलियत रकमको सही र प्रभावकारी रुपमा वितरण र सदुपयोग गर्नु ।

## परिच्छेद - २

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः**(१) प्राप्त आवेदन तोकिएको मापदण्ड बमोजिम भए नभएको मूल्याङ्कन गरी स्वीकृतीका लागि निर्देशनालयमा सिफारिस गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| क) निर्देशकले तोकेको वरिष्ठतम अधिकृत, निर्देशनालय | संयोजक |
| ख) अधिकृत प्रतिनिधि, उद्योग तथा वाणिज्य महाशाखा, मन्त्रालय | सदस्य |
| ग) कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधि, उद्योग तथा वाणिज्य कार्यालय ललितपुर, सिन्धुली | सदस्य |
| घ) कानुन अधिकृत, मन्त्रालय | सदस्य |
| ङ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| च) अधिकृत, योजना शाखा, निर्देशनालय | सदस्य-सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले प्राप्त आवेदनहरु तोकिएको मापदण्ड अनुरुप भए/नभएको मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशनालयमा सिफारिस गर्ने,

(ख) कार्यक्रमसँग सम्बन्धित सरोकारवालासँग आवश्यक समन्वय गर्ने,

(ग) कार्यक्रम सञ्चालनका सम्बन्धमा आवश्यक निर्णय गर्ने,

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **कार्यक्रम संचालनः** यो कार्यक्रम बागमती प्रदेशको ललितपुर र सिन्धुली जिल्लामा लागु हुनेछ।



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

६. **आवेदन माग गर्नेः** निर्देशनालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनसूचि -१ बमोजिमको ढाँचामा तीस दिनको म्याद दिई कार्यक्रममा सहभागी हुनका लागि बागमती प्रदेश अन्तर्गतका ललितपुर र सिन्धुली जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयमा दर्ता भएका स्थिर पूँजी बाहेक बिस लाखसम्म लगानीमा सञ्चालित उद्यमीहरुसंग आवेदन माग गर्नेछ।

७. **आवेदन दर्ता र रुजुः** कार्यक्रममा सहभागी हुन इच्छुक उद्योगीहरुले अनुसुची -१ बमोजिमका कागजात सहित दफा ६ बमोजिमको समयावधिभित्र अनुसूचि-२ बमोजिमको आवेदन-पत्र र अनुसूची -४ बमोजिमको स्वघोषणा सहित सम्बन्धित जिल्ला स्थित कार्यालयमा दर्ता गर्न सक्नेछन् । यसरी दर्ता हुन आएका आवेदनहरुको सम्बन्धमा तोकिएको मापदण्ड बमोजिम संलग्न कागजातहरुको रुजु गरी कार्यालयले प्रतिवेदन सहित निर्देशनालयमा पठाउनु पर्नेछ।

८. **आवेदनको मूल्याङ्कनः** मूल्याङ्कन समितिले प्राप्त भएका आवेदनहरुलाई संलग्न कागजातको आधारमा मुल्याङ्कन गरी तोकिएको मापदण्ड पुरा गरेका आवेदकहरुको सूचि तयार गरी निर्देशनालयलाई सिफारिस गर्नेछ।

९. **सूची प्रकाशनः** निर्देशनालयले कार्यक्रमका लागि छनौट भएका आवेदकहरुको सूची निर्देशनालय तथा सम्बन्धित जिल्लास्थित कार्यालयको सूचना पार्टीमा टाँस गर्नेछ। सूची उपर कुनै गुनासो भएमा सूची प्रकाशन भएको मितिले सात दिनभित्र निर्देशनालय वा सम्बन्धित जिल्लास्थित कार्यालयमा निवेदन दिनुपर्नेछ।

१०. **सम्झौताः** (१) तोकिएको समयावधिभित्र कुनै गुनासो प्राप्त नभएमा निर्देशनालयले छनौट भएका आवेदकलाई सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयवधिभित्र सम्झौता गर्न आउने आवेदकसँग निर्देशनालयले अनुसूचि-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसिमाभित्र सम्झौता गर्न नआउने आवेदकको आवेदन स्वतः रद्द भएको मानिनेछ।

११. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, दफा ४ बमोजिमको समिति र कार्यालयले आवश्यकता अनुसार गर्न सक्नेछन् यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद- ४
## मापदण्ड तथा शर्त सम्बन्धी व्यवस्था

१२. **मापदण्ड तथा शर्तः** देहाय बमोजिमको मापदण्ड पुरा गरेका लघु उद्यमी, हस्तकला एवं उत्पादनमुलक उद्योगहरुले यस कार्यविधि अनुरुप विद्युत महसुलमा सहुलियत प्राप्तिका लागि आवेदन पेश गर्न सक्नेछन्:

(क) आवेदकले सूचना प्रकाशन भएको मितिमा उद्योग तथा वाणिज्य कार्यालयमा दर्ता भएको एक वर्ष पूरा गरेको हुनु पर्नेछ ।

(ख) स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

(ग) अघिल्लो आ.व.को करचुक्ता गरेको हुनु पर्नेछ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

(घ) हालसम्म प्रदेश सरकारबाट सहुलियत प्राप्त नगरेका आवेदकलाई बढी ग्राह्यता दिइनेछ।

(ङ) आवेदकमध्ये महिला, दलित तथा विपन्न वर्गको आबद्धता बढी रहेको संस्थालाई प्राथमिकता दिइनेछ ।

(च) दोहोरोपना हुने गरी अन्य निकायबाट समेत विद्युत महसुलमा सहुलियत प्राप्त नगरेको हुनुपर्नेछ।

(छ) अघिल्लो आर्थिक वर्षको विद्युत महसुल वापतको रकम चुक्ता गरेको हुनु पर्नेछ र विद्युत महसुलमा जरिवाना वापतको रकम समावेश भएको पाइएमा उक्त जरिवाना वापतको रकम भुक्तानीमा समावेश गरिने छैन ।

(ज) आवेदकले अनुसूची -४ बमोजिमको ढाँचामा स्वघोषणा गर्नु पर्नेछ ।

## परिच्छेद -५
## कार्यक्रमको भुक्तानी र लेखापरीक्षण

१३. **भुक्तानी प्रक्रियाः** (१) लघु उद्यमी, हस्तकला तथा उत्पादनमूलक उद्योगले उद्योगको प्रयोजनका लागि चालु आर्थिक वर्षमा तिरेको विद्युत खपत महशुलमा बढीमा ५० प्रतिशत सहुलियत उपलब्ध गराइनेछ। विद्युत महसुलमा सहुलियत कार्यक्रमको सूचिमा परेका आवेदकहरुले त्रैमासिक रुपमा तिरेको विद्युत महशुलको सक्कल बिलसहित तोकिएका अन्य कागजात संलग्न गरी रकम भुक्तानीको लागि अनुसूची-३ बमोजिमको भुक्तानी निवेदन पत्रसहित निर्देशनालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि सहुलियतका लागि माग भई आएको कुल रकम उपलब्ध गराउन विनियोजित बजेट अपुग हुने देखिएमा विद्युत खपत महसुलको अनुपातका आधारमा समानुपातिक रुपमा बाँडफाँट गरी उपलब्ध गराइनेछ।

१४. **अवधिः** यस कार्यक्रमका लागि छनौट भएका आवेदकले चालु आर्थिक वर्षको दोश्रो त्रैमासिकबाट सहुलियत प्राप्त गर्न सक्नेछन्।

१५. **रकम भुक्तानीः** निर्देशनालयले फर्मको नाममा रहेको बैङ्क खातामा सहुलियत वापतको रकम भुक्तानी गर्नेछ।

१६. **सहुलियतबाट वञ्चित हुनेः** कुनै आवेदकले झुट्टा विवरण पेश गरी सहुलियत लिएको पाइएमा जुनसुकै बखत उक्त आवेदकसँगको सम्झौता रद्द गरी प्रदेश सरकारबाट प्राप्त सहुलियत रकम प्रचलित ब्याजसहित असुल उपर गरिनेछ र दुई वर्षसम्म प्रदेश सरकारबाट सञ्चालन हुने सहुलियतको कार्यक्रममा समावेश गरिने छैन।

१७. **लेखा परीक्षणः** यस कार्यक्रमको लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण तथा आर्थिक कारोबार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद - ६
## विविध

१८. **प्रचलित कानून बमोजिम हुने:** १) यस कार्यविधिमा उल्लिखित विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

२)कार्यक्रम सञ्चालनका लागि खर्चका आधारहरू प्रदेश सरकारको स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित रकम भुक्तानी एवं फरफारक तथा लेखापरीक्षण लगायतका कार्यहरु गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

४) यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

१९. **आवश्यक व्यवस्था मिलाउने:** यो कार्यविधिको कार्यान्वयनमा बाधा उत्पन्न भएमा कार्यक्रमको उद्देश्य विपरित नहुने गरी मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२०. **कार्यविधि संशोधन तथा परिमार्जन:** यो कार्यविधिमा उल्लेख भएका विषयहरुमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची १

(दफा ६ सँग सम्बन्धित)

**स्थिर पुँजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवम् उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियतका लागि आवेदन आव्हानको ढाँचा**

प्रकाशित मितिः..............................

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थिर पुँजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियत वितरण कार्यक्रमको लागि **स्थिर पुँजी बाहेक बिस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा ५० प्रतिशतमा सहुलियत कार्यविधि, २०८२** को दफा १२ बमोजिम मापदण्ड पूरा गरेका यस कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र कार्यालय समयभित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित सम्बन्धित जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा अनुसूची -२ बमोजिमको ढाँचामा आवेदन दर्ता गर्नुहुन आवेदन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि योग्य नहुने बेहोरा समेत जानकारी गराईन्छ ।

तपशिलः

१. अनुसूचि-२ अनुसारको आवेदन,
२. सम्बन्धित कार्यालयमा गरेको उद्योग दर्ता प्रमाणपत्र,
३. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
४. कर चुक्ता प्रमाण पत्र,
५. उद्योगमा विद्युत प्रयोग गरेको ग्राहक नम्बर सहितको सम्बन्धित स्थानीय निकाय/वडाको सिफारिस पत्र,
६. उद्योगमा प्रयोग हुने विद्युतका लागि आवेदकको नाममा रहेको वा भाडामा सञ्चालन भएको उद्योगको हकमा करार सम्झौता पत्रसहितको विद्युत मिटर जडान प्रमाण,
७. उद्योगको सम्पूर्ण आकृति स्पष्ट रुपमा देखिने गरी खिचिएको फोटो,
८. नेपाली नागरिकताको प्रतिलिपि।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूचि २

(दफा ७ सँग सम्बन्धित)

## आवेदन-पत्र

मितिः.........................

श्रीमान् निर्देशकज्यू,
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
बागमती प्रदेश, हेटौडा मकवानपुर।

**विषयः- सहुलियत सहयोग उपलब्ध गराई पाऊँ ।**

तहाँ निर्देशनालयबाट मिति.......................... मा प्रकाशित सूचना अनुसार लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियत कार्यक्रम रहेकोले सूचनामा उल्लेख भए अनुसारका कागजात संलग्न गरी नियमानुसार सहुलियत कार्यक्रमको लागि छनौट गराई पाउँ भनि यो निवेदन पेश गरेको छु। मैले निवेदनका साथ बुझाएको विवरण ठिक/साँचो हो भनि प्रतिबद्धता समेत जाहेर गर्दछु ।

**निवेदन पेश गर्नेकोः**
नाम, थरः
पदः
दस्तखतः
मितिः
उद्योगको नाम र ठेगानाः
सम्पर्क नं:
संस्थाको छापः

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूचि ३**

(दफा १३ सँग सम्बन्धित)

**भुक्तानी निवेदन पत्र**

मितिः..........................

श्रीमान् निर्देशकज्यू,
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
बागमती प्रदेश, हेटौडा मकवानपुर ।

विषयः- भुक्तानी उपलब्ध गराई पाऊँ ।

महोदय,
तहाँ निर्देशनालयबाट मिति........................मा प्रकाशित सूचना अनुसार लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियत कार्यक्रमको लागि छनौट भएकोमा उक्त कार्यक्रमअनुसार मिति......................देखि.......सम्मको त्रैमासिकको रकम भुक्तानी पाउँ भनी विद्युत महशुल तिरेको मिति........को बिल सहित यो निवेदन पेश गरेको छु।

**निवेदन पेश गर्नेकोः**
नाम, थरः
पदः
दस्तखतः
मितिः
उद्योगको नाम र ठेगानाः
सम्पर्क नं:
संस्थाको छापः

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूचि ४**

(दफा १२(ज) सँग सम्बन्धित)

**स्वघोषणा पत्रको ढाँचा**

मितिः..............................

श्रीमान निर्देशकज्यू,
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
बागमती प्रदेश, हेटौडा ।

**विषयः स्वघोषणा सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति........................मा.............................. राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस ................................ उद्योगले स्थिर पुंजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमुलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियत वितरण कार्यक्रममा सहभागी हुन आवेदन पेश गरेकोमा तपशिल बमोजिमको विषयमा स्वघोषणा गर्दछु/गर्दछौं। पेश गरेको विवरण तथा कागजातहरु झूठो ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला।

**तपशिलः**

१. विद्युतको अनाधिकृत प्रयोग नगरेको,
२. उद्योगको उद्देश्य बाहेक अन्य प्रयोजनका लागि विद्युतको प्रयोग नगरेको,
३. विद्युत महसुल बक्यौता नरहेको तथा नेपाल विद्युत प्राधिकरण वा विद्युत वितरण कार्यालयको कालो सूचीमा नरहेको,
४. सहुलियतमा दोहोरोपना हुने गरी अन्य कुनै पनि निकायबाट समान प्रकृतिको सहुलियत नलिएको।

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदन पेश गर्नेकोः**

नाम, थरः
पदः
दस्तखतः
मितिः
उद्योगको नाम र ठेगानाः
संस्थाको छापः

अनुसूचि ५

(दफा १० को उपदफा २ सँग सम्बन्धित)

**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र छनौट भएका आवेदकबीच हुने सम्झौताको ढाँचा**



माननीय बिन्दु श्रेष्ठ

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका आवेदक................................... (यसपछि दोश्रो पक्ष भनिने) बीच विद्युत खपतमा आधारित सहुलियत वितरण कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ।

तपसिलः

१. स्वीकृत भएको सहुलियत रकम त्रैमासिक रुपमा विद्युत प्राधिकरणलाई तिरेको बिल बिजकको आधारमा दोश्रो पक्षलाई प्रथम पक्षले बैंक खातामा जम्मा गरी दिनेछ ।
२. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध सहुलियतको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम सहुलियत रकम असुल उपर गर्न सक्नेछ ।
३. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।
४. दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक/सत्य हुनुपर्नेछ। यस साझेदार संस्थाले पेश गरेको विवरण, प्राप्त गरेको सहुलियत रकम सम्बन्धित निकायवाट जाँच हुँदा यदि झुट्टा ठहरिएमा दोश्रो पक्षका पदाधिकारीहरुबाट प्रचलित कानून बमोजिम असुल उपर गरी मुलुकी अपराध संहिता, २०७४ बमोजिम ठगीमा कारबाही गर्न प्रथम पक्षले सिफारिस गर्न सक्नेछ।

दोश्रो पक्षः
दस्तखतः
नामः
पदः
संस्थाः
मितिः

रोहवरः
दस्तखतः
नामः
पदः
संस्थाः
मितिः

प्रथम पक्षः
दस्तखतः
नामः
पदः
कार्यालयः
मितिः

रोहवरः
दस्तखतः
नामः
पदः
संस्थाः
मितिः

ईति सम्बत..........साल..........महिना.....गते रोज.....शुभम्

माननीय बिन्दु श्रेष्ठ
मन्त्री